म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक २६७ शुक्रबार २३ बैशाख २०७९ पञ्चमी ने. सं. ११४२ चिल्लाथ्व 6 May, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

स्थानीय तह सदस्य निर्वाचन, २०७९

स्थानीय तह निर्वाचन, २०७९ मा मतदान गरौं, आफ्नो अधिकारको प्रयोग गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

# सन्तमाया बनिन् वनकरिया समुदायबाट पहिलो उम्मेदवार

साझाकुरा संवाददाता

हेटौंडा, २२ बैशाख/ मकवानपुरको मनहरी गाउँपालिकाकी सन्तमाया वनकरिया नेपालमै वनकरिया समुदायबाट पहिलो उम्मेदवार बनेकी छन् ।

मनहरी गाउँपालिका-४ वनकरिया बस्तीकी ५८ वर्षीया सन्तमाया लोपोन्मुख वनकरिया समुदायबाट पहिलो उम्मेदवार बनेकी हुन् । वनकरिया नेपालमा मकवानपुर जिल्लाको मनहरी गाउँपालिकामा मात्रै रहेका छन् । सन्तमाया देशमै वनकरिया समुदायबाट स्थानीय तहको निर्वाचनमा पहिलो उम्मेदवार बनेकी हुन् । उनी मनहरी गाउँपालिका-४ मा नेकपा माओवादी केन्द्रबाट वडा सदस्यको उम्मेदवार बनेकी छन् ।

करिव २० वर्ष जंगल जीवन बिताएकी उनलाई सामान्य रुपमा आफ्नो नाम मात्रै लेख्न आउँछ । १८ वर्षअघि जंगल जीवन त्यागेर वनकरिया समुदायसँगै बस्तीमा सरेकी उनले प्रौढ शिक्षामार्फत आफ्नो नाम लेख्न सिकेको बताउँछिन् । चेपाङ परिवारमा जन्मिएकी उनले जंगलमा कन्दमुल टिप्न जाँदा कृष्ण बहादुर वनकरियासँग विवाह गरेकी थिइन् ।

तीनवटा सन्तानलाई जंगलमा नै जन्माएर हुर्काएकी उनका दुई छोरा र ७ छोरीहरू छन् । स्थानीय तहको चुनावमा सन्तमाया पनि उम्मेदवार बनेपछि वनकरिया समुदाय नै हर्षित बनेको छ । स्थानीय तहको निर्वाचनमा वडा सदस्य बन्न पाउदा उनी आफैं अचम्मित छिन् ।

निर्वाचनमा उम्मेदवार बन्नु उनको लागि मात्रै होइन वनकरिया समुदायको लागि नै सपनाजस्तै बनेको छ । गाउँमा भोट माग्न आउने सबैलाई उनीहरु हाम्रो समुदायबाट पनि सन्तमाया उठेकी छन्, भन्दै खुशीको कुरा सुनाउँछन् । उनले राजनीति गर्छु होला भन्ने कल्पना पनि गरेको थिइनन् । 'म पनि यसरी राजनीति गरौँला, चुनावमा उठौँला भन्ने कुरा कल्पनामा पनि गरेको थिइन । अहिले चुनावमा उम्मेदवार बन्न पाउँदा खुशी लागेको छ', सन्तमायाले भनिन् । वनकरिया समुदाय पछि पर्नु हुदैन भनेर आफू अगाडि बढेको उनको भनाई छ । जंगल जीवन त्यागेर बस्तीमा झरेसँगै उनले गाउँमा नेतृत्वदायी भूमिका खेलेकी छन् ।



'गाउँमा मैले सधैं केही नयाँ कुरा सिकाउन, सहयोग गर्न सबै कुरामा अगाडि नै रहेर काम गरेकी छु', उनले भनिन् । अशिक्षा र गरिबीको रेखामुनि लोपोन्मुख वनकरिया समुदायमा धेरै सन्तान जन्माउने प्रचलन नै रहेको उनी सुनाउँछिन् । गरिबीमा धेरै सन्तान जन्माउँदा वनकरियाको लागि ठूलो समस्या हुने गरेको सन्तमाया सम्झिन्छिन् । तर, पछिल्लो समय उनको नेतृत्वमा वनकरिया समुदायमा यो समस्या घट्दै गएको उनको दावी छ ।

'मैले धेरै सन्तान जन्माउनु हुदैन भनेर सम्झाउँदा, तपाईले किन ९ वटा पाउनु भयो भनेर प्रश्न गर्थे । तर, मैले सबैलाई सम्झाउने गरेको थिए । अहिले गाउँमा दुई सन्तान ईश्वरको वरदान भन्ने बुझाई आइसकेको छ', उनले भनिन् । आफूले गाउँमा सधैं नेतृत्वदायी भूमिका खेलेकै कारण गाउँलेले पनि उनलाई चुनावमा उठ्नुपर्छ भनेपछि आफू उठेको उनको भनाई छ । गाउँबाट नै सबैले तपाई उठ्नुपर्छ भनेपछि मलाई पनि वनकरिया समुदायलाई अब अगाडि बढाउनुपर्छ भन्ने लागेर उठेको हुँ, उनको भनिन् । यो समुदायमा शिक्षा प्राथमिकतामा नपरेको उनको दुखेसो छ । त्यसैले उनले आफू वडा सदस्यमा निर्वाचित भएमा गाउँका सबै बालबालिकाको पहुँच शिक्षामा पुऱ्याउने सपना देखेकी छन् ।

'पढ्ने जति सबैलाई पढाउने र नपढ्नेहरुलाई खेतीपाती लगायतका उत्पादनसँग जोडेर रोजगार बनाउने सपना छ', उनले थपिन् । 'जितेँ भने त वनकरियाको लागि धेरै गर्छु भन्ने सोच छ ।' स्थानीय तहको निर्वाचनमा वडा सदस्यको उम्मेदवार बनेको दुई साता पुग्न लाग्दा चुनाव प्रचारमा पाँच हजार रुपैयाँ खर्च भएको उनको भनाई छ ।

## डिनाले भनिन्, 'महिलालाई जिताउनुपर्छ'

हेटौंडा/नेपाली कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना'ले स्थानीय तहको निर्वाचनमा महिला उम्मेदवारलाई सबैको बलमा जिताउनु पर्ने बताएकी छन् ।

मकवानपुरे कांग्रेस नेतृ डिनाले चितवनमा बिहीवार भएको पाँच दलीय गठबन्धनको चुनावी सभामा बोल्दै महिला उम्मेदवार हरुलाई जिताउनु पर्नेमा जोड दिएकी हुन् । 'भरतपुरिमा रेणु दाहाल हुनुहुन्छ । काठमाडौंमा सिर्जना सिंह हुनुहुन्छ । अन्य पालिकामा पनि प्रमुखमा महिला उम्मेदवार पाएका छौं । महिलालाई हरुलाई जिताउनु पर्छ ।,' डिनाले भनिन् । डिनाकै गृह जिल्लाको हेटौंडा उपमहानगर पालिकाको मेयरमा नेकपा एकीकृत समाजवादीकी जिल्ला उपाध्यक्ष मिनाकुमारी लामा छिन् ।

भतरपुरमा रेणुले गरेको विकासलाई हेरेर नै जिताउनु पर्नेमा उनको भनाई छ । महिला दिदी बहिनी र साथीहरुले महिला उम्मेदवारलाई जिताउन लागिपर्न आग्रह गरिन् । जनताले पनि रेणु दाहालले राम्रो काम गरेको भनेर प्रशांसा गरेको भन्दै डिनाले भरतपुरले फेरि महिला मेयर पाउने बताइन् ।

## मतदान केन्द्रमा खटिए सयौं कर्मचारी

हेटौंडा/स्थानीय तहको निर्वाचन नजिकिएसँगै निर्वाचन आयोगले पनि तयारीलाई अगाडि बढाएको छ । निर्वाचनको तयारी करिब अन्तिम चरणमा पुगेको जनाइएको छ ।

निर्वाचनका लागि जिल्लामा आवश्यक मतपत्र आइसकेको छ । मकवानपुरका सबै पालिकमा रहेका मतदान केन्द्रमा आवश्यक जनशक्तिको पनि व्यवस्थापन भइरहेको छ । जिल्लास्थित १० वटा स्थानीय तहका एक सय २ वटा वडामा रहेका ३ सय ६५ मतदान केन्द्रमा एक हजार ८ सय जना कर्मचारी खटिएको मुख्य निर्वाचन अधिकृतको कार्यालय मकवानपुरले जानकारी दिएको छ । उनीहरु निर्वाचनको तीन दिनअघि मतदान केन्द्रमा पुगेर आवश्यक तयारीमा जुट्ने पर्नेछ । मतदान केन्द्रमा खटिएका कर्मचारीहरुको तालिमपनि भइरहेको छ ।

मकवानपुरमा विगतको निर्वाचनमा आवश्यक जनशक्ति अभाव हुने गरेको थियो । तर, आसन्न निर्वाचनमा भने जनशक्तिको समस्या नरहेको सहायक निर्वाचन अधिकृत सागर शर्माले जानकारी दिएका छन् । जिल्लाका १ सय ६५ वटा मतदान स्थलमा एक हजार ८ सय कर्मचारी पर्याप्त रहेको शर्माले जानकारी दिए । मकवानपुरमा ३ हजार ४ सय जना सरकारी कर्मचारी कार्यरत छन् । अझै एक हजार ६ सय कर्मचारी मौज्दात छन् ।




ADMISSIONS OPEN FOR 2079

From Nursery to Grade 9

Scholarships
a feature of socially responsible institution...

Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+ Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+ Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+ Seats

Scholarship Test
24 Baishakh 2079

APPLY NOW
Admission forms are also available online
www.admission.hetaudaacademy.edu.np

HETAUDA ACADEMY
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
Email: info@hetaudaacademy.edu.np

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:



☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री

शुभारम्भ

YADEA
e-SCOOTERS






Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
☞ Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
☞ Full Charge ले १०० किमी कुद्ने ।
☞ २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
☞ ट्यूबलेस टायर ☞ व्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# शिक्षकबाट आचारसंहिता उल्लङ्घन अज्ञानता कि अटेर

वैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदैछ । निर्वाचन प्रचारप्रसारको कार्य दलहरुले तिव्र पारेका छन् । प्रचारप्रसार गर्ने क्रममा सबै दलहरुको साझा सहमतिमा निर्वाचन आयोगले आचारसंहिता तयार गरेर लागू गरिसकेको छ । आचारसंहिता पालना गर्नु सबै दलहरुको कर्तव्य हो । निर्वाचन प्रचारमा गर्न पाइने र नपाइने विषयबस्तु स्पष्टसंग उल्लेख गरेर आचारसंहिता जारी भएको छ । यसपटकको आचारसंहितामा तोकिएको आकारको झण्डा प्रयोग गर्नुपर्ने, कपडा प्रयोग गर्न नपाइने, बालबालिकाको प्रयोग गर्न नपाइने, शिक्षक तथा निजामती कार्मचारीहरु प्रचारप्रसारमा संलग्न हुन नपाइने, वेभ साइट खोलेर प्रचार गर्न नपाइने, मोटरसाइकल ऱ्याली गर्न नपाइने, दलहरुले तोकिएको आकारमा आफ्नो कार्यक्रमबारे जानकारीमूलक विज्ञापन प्रसारण गर्न पाइने जस्ता धेरै विषयबस्तु आचारसंहितामा राखिएको छ । तर, समाजलाई सुसूचित गर्नुपर्ने शिक्षकहरु नै आचारसंहिताविपरित विभिन्न दलको चुनाव प्रचारप्रसारमा संलग्न भएको खबर बाहिरिएको छ ।

नेपाल बहुदलीय व्यवस्था भएको देश हो । विभिन्न दलहरुको आ-आफ्नै सिद्धान्त हुन्छन् । आफूलाई मन परेको सिद्धान्तमा जो पनि लाग्न पाउँछन् । तर, सरकारी पद धारण गरेका व्यक्तिहरुले कुनै दलको पक्षपोषण तथा कुनै दलको बिरोध गर्न पाइँदैन । त्यसमाथि निर्वाचनको बेलामा त्यो विषय झन् महत्वका साथ लिँदै निर्वाचन आयोगले कडाइका साथ लागू गरेको छ । तर, मकवानपुर जिल्लामा रहेका विभिन्न विद्यालयका शिक्षकहरु पार्टीहरुको चुनाव प्रचारप्रसारमा हिँडिरहेको खबर बाहिरिँदा पनि शिक्षकहरुले आफूले आचारसंहिता उल्लंघन गरेर 'समाजमै लज्जित हुने काम गरेछु' भन्ने महसुस गर्न सकिरहेको पाइएको छैन । आचारसंहिताले दण्ड जरिवानालाई प्रोत्साहन दिनुभन्दा स्वयम् अनुशासित हुने वातावरण सिर्जना गरेको हुन्छ । शिक्षित भएकोले शिक्षकहरुले त्यसको जानकारी पक्कै पाएका हुन्छन् । तर, जानाजान अटेरी बन्दै निर्वाचन आचारसंहिता उल्लंघन गर्नु आफैंमा असुहाउँदो विषय हो ।

यसमा आयोगले पनि कडाइ गर्नुपर्छ र शिक्षकहरुले पनि आज आफूले एउटा दलको पक्षमा प्रचार गर्दा विद्यार्थी र समाजमा आफ्नो छवि धुमिल हुनेतर्फ बेलैमा सोच्नुपर्छ । आचारसंहिताको विषयमा शिक्षकहरु जानकार नभएर नभई जानाजान त्यसको उल्लंघन गरिरहेको पाइएकोले यस्तो अकर्मण्यता आजैदेखि छाड्नुपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ वैशाख २४ गते शनिबार ७ मे २०२२ । वैशाख कृष्ण षष्ठी । चौलाथ्व षष्ठी ११४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तबाट चिन्ता | **तुला** | : आर्थिक सिद्धि |
| **वृष** | : इष्ट सिद्धि | **वृश्चिक** | : कार्य सिद्धिमा विलम्ब |
| **मिथुन** | : मित्रबर्गबाट धोका | **धनु** | : परिवारमा कलह |
| **कर्कट** | : सम्पत्ति सम्बन्धी विवाद | **मकर** | : यात्रामा बाधा |
| **सिंह** | : न्यायिक कार्यमा सफलता | **कुम्भ** | : अपजस पाइने |
| **कन्या** | : कार्यगत उतारचढाव | **मीन** | : बौद्धिक कार्यमा वाधा |

# कांग्रेस कम्युनिस्टका ध्वजावाहक





श्रीकृष्ण अनिरुद्ध गौतम

पछिल्लो समयमा नेपाली कांग्रेसका प्रमुख नेताहरूमा असीमित अहंकार झ्याँगिएकाले तिनले नेतृत्व प्रदान गरेका समूहहरूमा तीव्र विचलन आएको छ । कांग्रेसजन आफ्नो पार्टीलाई लोकतन्त्रको मियो भन्छन् तर यसका, आजका अग्रपंक्तिका, नेताहरूको अहंकारको पारो यति माथि छ कि कसैकसैले त नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलाई नै 'माथ' दिने क्षमता आर्जन गरेका छन् । उनीहरू आफूभन्दा माथि कोही छैन भन्ने अहंभावले ग्रस्त हुन पुगेका छन् । ख्याल रहोस्- जब मान्छेले आफूभन्दा माथि कोही छैन, आफैं सर्वेसर्वा हुँ भन्ने ठान्न थाल्छ, त्यसपछि ऊ मनुष्य रहँदैन, राक्षस बन्छ ।

यी नेताहरूको आफूभन्दा माथि कोही छैन भन्ने अहंभाव वास्तवमा अल्पज्ञानको नतिजा हो । उनीहरू नै उच्च ओहदामा भएकाले यसको नियन्त्रण कसरी गर्ने भन्ने प्रश्न उपस्थित भएको छ । अहंकारले सर्वनाश गर्छ । यसको समाधान कठिन छ । कठिन छ किनभने ज्ञानीहरूमा अहंभाव चढ्यो भने उनीहरूलाई आलोचना अर्थात् गुण दोष निरुपणले सोझ्याउँछ तर अल्पज्ञानी र मूर्खहरू जति राम्रो चितायो, गऱ्यो, त्यति कुपित हुन्छन् । क्रोधित हुन्छन् । गुण दोष निरुपणले सच्चिने होइन बरु उल्टै राम्रो चिताउनेमाथि नै दोष थुपार्न उद्दत हुन्छन् । फलस्वरूप तिनीहरू अरु गैरजिम्मेवार बन्ने डर हुन्छ । यसबाट फेरि हानी हुने भनेको देशलाई नै हो । लोकतन्त्रलाई नै हो ।

आजको अवस्था कस्तो छ भने नेताहरूमा आफूले जतिसुकै अनुचित जेसुकै, मनलाग्दी गरे पनि त्यो अरुलाई स्वीकार्य हुनुपर्छ, हुन्छ भन्ने अतिविश्वास छ, उहिल्यैका राजा महाराजाहरू जस्तै । तिनीहरूको यही सोचका परिणामस्वरूप कांग्रेसको कम्युनिस्टसित चुनावी गठबन्धन बनेको हो । अवश्य नै यो गठबन्धन तिनीहरूका व्यक्तिगत स्वार्थ अनुकूल छ तर शतप्रतिशत विचारका प्रतिकूल र सिद्धान्तदोषी छ ।

यो चुनावी गठबन्धन कांग्रेसलाई मत दिइआएका मतदाताहरूको अन्तरात्माविरुद्ध छ । लोकतन्त्रमा वास्तवमा, लोकअभिमतमाथि आस्था भएको दलले, कुनै पनि निर्णयमा पुग्नुअघि आफूलाई रुचाउने मतदाता के चाहन्छन् भन्ने कुरा बुझ्नु जरुरी हुन्छ । आफ्ना ताबेदार कार्यकर्तासित गरेजस्तो व्यवहार यदि मतदातासित गर्न थालियो भने हविगत २०७४ सालका चुनावभन्दा पनि खत्तम हुनसक्छ । नजिकै अर्को दृष्टान्त छ, भारत । त्यहाँको कांग्रेस । यस्तै भइरहे यहाँ त झन् भारतीय राष्ट्रिय कांग्रेसले बेहोरी रहेको दुरावस्था बरु कम दुर्दशा हो भन्ने खालको अवस्था उपस्थित हुनसक्छ ।

**कम्युनिस्टका ध्वजावाहक कांग्रेस**

आज जतातते निष्ठावान कांग्रेसजन भन्छन्, नेता र सदस्यहरूबीच नीतिगत संवाद छैन, शून्य छ । यो संवादहीनताको कारण हो, फेरि भन्छु, नेताहरूमा झ्याँगिएको अहंकार । यसैका फलस्वरूप पार्टी पंक्तिमा थामिनसक्नु विचलन आएको छ र यसै विचलनका कारण झण्डै देशैभर नेतापन्थी कांग्रेसका क्रियाशील सदस्यहरू कम्युनिस्ट पार्टीका ध्वजावाहक बनेका, बनाइएका छन् । कम्युनिस्ट झण्डा बोक्न नमान्ने निष्ठावान कांग्रेसजन बागी भनिएका र पार्टीबाट निष्कासित भएका छन् । जबकि, हुनु पर्थ्यो यसको ठीक उल्टो । विचार प्रतिकूल र सिद्धान्त विपरीत गठबन्धन गरेर निर्वाचनमा जान निर्णय गर्नेहरूलाई पार्टीविरोधी गतिविधि गरेकोमा दण्डित र निष्कासित गर्नुपर्नेमा कांग्रेसका निष्ठावान सदस्यहरूचाहिँ दण्डित भएका छन् । आतंकित पारिएका छन् । नेताहरूको अहंकार कतिसम्म भने गठबन्धनको विरोध गरे, कारबाही गर्नेसम्मको धम्की दिइएको छ । पार्टीका कार्यकर्ताले अर्को पार्टीलाई भोट दिन्न भन्न नपाउने उर्दी पनि कतै लोकतन्त्रमा मान्य हुन्छ ? त्यस्तो उर्दी फेरि कसले दिएको भने आफूलाई लोकतन्त्रको मियो भन्ने पार्टीका नेताले ।

**कांग्रेसभित्रका लोकतन्त्रप्रेमी हार्दै**

कांग्रेसको इतिहास, सिद्धान्त र निष्ठा नै लज्जित हुने कृत्य भइरहँदा केन्द्रीय स्तरको कुनै नेता यसलाई रोक्न, भित्रैदेखि तत्पर नभएको मात्र होइन बडो क्रान्तिकारी देखिनेहरूले पनि आत्मसमर्पण गरेका छन् । यो चुनावी गठबन्धन कांग्रेसका लागि तात्कालिक र दूरगामी कुनै पनि अर्थमा हितकर छैन । औंलामा गन्न सकिने केही नेताहरूको स्वार्थअनुरूप भने निश्चय नै छ तर यहाँ गठबन्धनको निर्णयलाई यन्त्रवत स्वीकारिएपछि के बुझ्नुपर्ने भयो भने पार्टी शुद्धीकरणको ठूलै अभियान प्रारम्भ भएन भने कांग्रेस भष्मीभूत हुनसक्छ, हुन्छ । नाम त रहला कांग्रेस नै तर यो कम्युनिस्टहरूले 'यी हेर लोकतान्त्रिक दल' भनेर देखाउने प्रदर्शनीको सामग्री बन्न जान्छ । किनभने गठबन्धन क्रियान्वयनमा आएसँगै कांग्रेसका लोकतन्त्रप्रेमी हारेका र त्यहाँका कम्युनिस्टपन्थीले जितेका छन् । कांग्रेस नामधारी ती कम्युनिस्ट पन्थीहरूले कांग्रेसलाई कम्युनिस्ट गठबन्धनको एउटा अंगमात्र होइन, हेर त छ नि लोकतन्त्र भन्दै यसलाई एउटा आलंकारिक दल बनाइदिने सम्भावना बढ्दो छ ।

**गठबन्धनको न्युनतम साझा कार्यक्रम**

कुनै पनि गठबन्धनको एउटा साझा न्यूनतम कार्यक्रम हुन्छ, हुने गर्छ । यस गठबन्धनको पनि छ । साझा कार्यक्रम बेगर गठबन्धन हुँदैन । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा र जनता समाजवादी पार्टी, यी चारै कम्युनिस्ट हुन् । माओवादी केन्द्र र एकीकृतको नामै कम्युनिस्ट छ, राष्ट्रिय जनमोर्चा कम्युनिस्ट नै हो । जसपाका उपेन्द्र यादव र बाबुराम भट्टराई पनि यथार्थमा कम्युनिस्ट नै हुन्, त्यसैले जसपालाई कम्युनिस्ट गन्ध भएको दल भन्दा फरक पर्दैन । यी चारै पार्टीको साझा न्यूनतम कार्यक्रम यसर्थ कम्युनिस्ट विश्वदृष्टिकै स्थापन, पुनर्स्थापन हो ।

**चार कम्युनिस्टमा पाँचौं कांग्रेस**

चार कम्युनिस्टमा कांग्रेसलाई किन थपेको हो भने यिनै कम्युनिस्टले यसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाइदिएको छ । कांग्रेसजन नै भनिरहेका सुनिन्छन्, देउवा फगत प्रधानमन्त्रीमा निरन्तरता चाहन्छन् । उनको न्यूनतम र अधिकतम कार्यक्रम यही हो । सधैं सत्तासीन रहनु र उनका ज्योतिषीले भनेजस्तै सात पटक प्रधानमन्त्री बन्नु हो । व्यवहारले पनि देउवाले यो भन्दा पर नसोचेको प्रतीत हुन्छ र उनीमात्र होइन उनी आसपास पनि शायदै योभन्दा पर सोच्न प्रेरित गर्ने मान्छे होलान् ।

देउवा र उनी वरिपरीका मानिसलाई कम्युनिस्टहरूको अभीष्टको परवाह छैन । कम्युनिस्ट अभीष्ट अर्कै छ । यिनीहरूमाझ राज्यसत्ताको भरपूर प्रयोग गर्दै धन सञ्चय गर्ने र काल्पनिक समाजवाद स्थापना गर्ने अघोषित कार्यगत एकता छ । पहिला आफू फष्टपुष्ट परिपुष्ट भएपछि समाजवादको काल्पनिक परिचित्र तयार गर्न सजिलो हुन्छ भन्ने यिनीहरूको बुझाइ रहेको र त्यसैअनुसार कार्यरत छन् । व्यक्तिगत इमानदारीका हिसाबमा कुनै मान्छे निश्चय नै अपवाद हुन सक्छ । विश्वदृष्टिका हिसाबले चाहिँ लोकतन्त्रको उपयोग गर्दै सत्ता, सत्ताद्वारा धन सञ्चय र त्यहाँ धन र सत्ताको बलबाट लोकतन्त्रको भष्मीकरण कम्युनिस्टहरूको अभीष्ट हो र दुर्भाग्यवश आज कांग्रेस त्यही अभीष्टको मतियार बनिरहेको छ ।

यी हरफ पढिरहँदा पाठकहरूलाई कता कता व्यंग्य जस्तो लागि रहेको हुनसक्छ । व्यंग्य होइन, हो नै यस्तै । उनीहरूको संयुक्त कार्यक्रम कम्युनिस्ट विस्तारित र बलिया हुनु हो । लोकतन्त्र विरोधी र धर्मद्वेषी नकारात्मक समाज जहाँ शत्रुहरू सिर्जना भइरहुन् र शत्रुहरूविरुद्ध संघर्ष गर्ने नाममा विष वमन गर्न पाइरहियोस् भन्ने यिनीहरूको ध्येय हुन्छ । कार्ल मार्क्सले नै धर्मलाई अफिम भनिसकेका हँदा यिनीहरू धर्मद्वेषी हुन् भन्न कुनै आइतबार पर्खिरहनु पर्दैन । धर्म भन्नाले कुनै एक उपासना पद्धतिको कुरा गरेको होइन, कर्तव्यको नैतिक बन्धनको पनि कुरा गरेको हुँ । ईश्वर र आत्मतत्त्वको कुरा गरेको हुँ ।

भनिरहनु नपर्ला, कम्युनिस्ट वैयक्तिक स्वतन्त्रताका दुश्मन हुन् । यिनीहरूसित चुनाव चिह्न नै साटासाट गरिसकेपछि कांग्रेसले अझै लोकतन्त्र, वैयक्तिक स्वतन्त्रताको पैरवी गर्न सक्छ भन्छ यदि कसैले भने त्यो हाललाई निराधार कामना हुन्छ । कम्युनिस्टसँग यति धेरै लसपस भइसकेपछि कांग्रेस नाममात्र रहन्छ । त्यो कम्युनिस्ट नै बन्न जान्छ । कांग्रेस कम्युनिस्ट बनेपछि उसले पनि उनीहरूकै भाषा बोल्छ र बोल्ने अभ्यास गरिरहेको पनि छ । जस्तै अचेल रामचन्द्र पौडेल बोल्छन् । देउवा त बोल्ने नै भए, उनका प्रिय मन्त्री पनि बोलिरहेका छन् । कांग्रेसको तीव्र कम्युनिस्टीकरण भइसकेपछि कांग्रेस स्वत: फालिन्छ, फालिरहनै पर्दैन । फालिएपछि फेरि कसरी फर्काउने अथवा कांग्रेसै फर्किन्छ, फर्किँदैन यसबारे अहिले यहाँ चर्चा नगरौं । म यहाँ कांग्रेसको चिन्ता होइन वास्तवमा वर्तमान गठबन्धनको अभीष्ट नेपालमा उदारचेता लोकतन्त्रलाई प्रतिनिधित्व गर्ने अभियान निस्तेज बनाउनु हो भनेर चिन्तित भएको हुँ । नेपालको लोकतान्त्रिक जनाधार कांग्रेससँग आबद्ध रहिआएको छ ।

त्यसैले उदारचेता लोकतन्त्रलाई निस्तेज बनाउन कांग्रेससँग आबद्ध जनाधारमाथि प्रहार गर्नु पर्थ्यो, त्यही गरिँदैछ । कांग्रेसका नेतालाई प्रधानमन्त्री बनाइदिने, अरु केही प्रभावशाली भनिएका नेताहरूलाई आफ्नो स्थान र क्षेत्र सुरक्षित बनाइदिने भनेर लोभ्याउने र क्रमश: जनाधारमाथि कब्जा जमाउने कम्युनिस्ट रणनीतिको पासोमा कांग्रेस फसिसकेको छ ।

**कम्युनिस्ट गठबन्धनमा कांग्रेस**

कांग्रेसलाई कम्युनिस्ट गठबन्धनको हिस्सा बनाउनु यिनीहरूको पहिलो पाइलो हो । कम्युनिस्ट, कम्युनिस्ट मिलेर एकछत्र शासन गर्नु हो । भर्खरै देउवामित्र प्रचण्डले उनको यो भित्री मनसाय दोहोऱ्याएका छन् । नदोहोऱ्याएका हुन्थे भने पनि उनको अभीष्ट त्यही नै हो । कांग्रेसको उपयोग गर्दै लोकतान्त्रिक मैदान कब्जा गर्दै त्यहाँ कम्युनिस्ट झण्डा गाड्दै जानु उनीहरूको रणनीति हो । जति फुट्दै छन्, कम्युनिस्ट बढ्दै छन् । नफुटेको नै भनौं फुटेर जुटेको कांग्रेसचाहिँ थरीथरीका कम्युनिस्टको भकुण्डोजस्तो भएको छ । यति नराम्ररी घेरिएको छ कि भनिसाध्य छैन । आफैं हेर्नुहोस्- हुँदा हुँदा अब हँसिया हथौडामा भोट हाल्ने अवस्थामा पुगेको, पुऱ्याइएको छ ।

के कस्तो हुँदै जान्छ त्यो हेर्नुहोला- यता चार कम्युनिस्टको वृद्धि र उता एमाले विस्तार हुँदै जान्छ र यसबाट शक्ति त कम्युनिस्टकै बढ्छ । विस्तारित हुने विभिन्न नामधारी यिनीहरूकै संगठन हुन् । यी पाँचको सैद्धान्तिक अवधारणा एउटै हो र यिनी प्रकारान्तरमा एउटै हुन् । कम्युनिस्ट गठबन्धनमा सामेल भएर कांग्रेसले कम्युनिस्ट जनाधार विस्तारमै मद्दत गरिरहेको छ । मैले माथि नै भनिसकें कांग्रेसका नेताहरू अहंकारले यति ग्रस्त छन् कि यहाँ भनिएका कुनै कुरा उनीहरूले गम्भीरतापूर्वक लेलान् भनेर नसोचे हुन्छ । देउवाले त सुन्ने कुरै भएन किनभने प्रधानमन्त्रीमा आफ्नो निरन्तरता र सत्ताको माध्यमबाट आफ्नो वर्चस्व कायमै राख्नुबाहेक उनको शायदै कुनै अर्को प्राथमिकता छ ।

यो विडम्बना हो कि करिब ९ लाख क्रियाशील सदस्य भएको कांग्रेसले उनैलाई सभापति बनाएको छ । उनी कांग्रेसले नै रोजेका सभापति हुन् र सभापतिमा प्रतिस्पर्धा गर्ने अरु नेताहरूमध्ये प्रकाशमान सिंहले देउवासमक्ष पूर्ण आत्मसमर्पण नै गरिसकेका छन् ।

शेखर कोइराला विरोधमा बोलि त रहेका छन् तर निर्णायक रूपमा फरक पार्ने गरी नभएर केवल औपचारिकताका लागि बोलिरहेका प्रतीत हुन्छन् । अब अरु बोल्ने को ? उदारचेता लोकतान्त्रिक अभियानको नेतृत्व लिने कसले ? यी प्रश्नको उत्तर अहिले मसँग छैन ।

*-साभार: इकागजबाट*

# भ्रष्टाचारमुक्त स्थानीय तहको खाँचो



बाबुकाजी कार्की

नेपालमा भ्रष्टाचार हरेक क्षेत्रमा झाँगिँदै गएको छ । यस निर्वाचनमा भ्रष्टाचारमुक्त स्थानीय तहको खाँचो पूर्ति गर्न जनप्रतिनिधि छान्दा हेक्का पुऱ्याउनु बुद्धिमानी ठहर्छ । अहिले चुनावको चर्चा र चटारो चुलिँदो अवस्थामा छ । जनप्रतिनिधिहरूले भोट बटुल्न अनेक बहाना र आश्वासन दिँदै हिँड्नु अनौठो होइन । विगतमा उनीहरूले जनतासामुन्ने गरेका वाचाहरू कत्तिको पूरा गरे, लेखाजोखा गरेर मात्रै मतदाताले आफ्नो अमूल्य मत कसलाई दिने टुंगोमा पुग्नु बुद्धिमानी ठहर्छ ।

विभिन्न पार्टीले सदाझैं चुनावी घोषणापत्र तयार गरेर सार्वजनिक गरेका छन् । तिनीहरूले घोषणापत्रमा विगतमा गरेका प्रतिबद्धता कत्तिको पूरा गरे/गरेनन्, विश्लेषण गरिनुपर्छ । उम्मेदवारको झूटा र फोस्रा आश्वासन तथा क्षणिक लोभ र लाभको भरमा भोट दिँदा आगामी पाँच वर्ष पछुताउने गल्ती मतदाताले कहिले पनि गर्नु हुन्न । स्थानीय तहलाई जनताको सुखदु:खमा सहयोग र सहकार्यका लागि अधिकार र कर्तव्य सम्पन्न बनाइएको छ । स्थानीय विकास र जनचाहनाअनुसार सामाजिक कार्यहरू गर्न स्थानीय तहलाई जिम्मेवार बनाइएको छ । स्थानीय स्रोतसाधनको पहिचान र परिचालन गर्दै प्रगति गर्न स्थानीय तह सक्षम हुन जरुरी छ । जनहितकारी कानुन बनाउने, कार्यान्वयन गर्ने, मौलाउँदै गएका आर्थिक, सामाजिक, सांस्कृतिक विकृति-विसंगतिलाई निरुत्साहित र नियमन गर्नका लागि पनि स्थानीय तह सक्षम र स्वच्छ हुन जरुरी छ । अन्याय र अत्याचारलाई कडाइका साथ नियन्त्रण गर्दै जनताको घरदैलोमा सुशासन पुऱ्याउनु स्थानीय तहको प्रमुख दायित्व हो । गरिबीको रेखामुनि रहेका जनतालाई कसरी माथि उठाउन सकिन्छ ? घोषणापत्रमा रोजगारी सिर्जनाको नीति र रणनीति कतिका व्यावहारिक छन् ? राज्यबाट प्रदान गरिने सेवासुविधाको पहुँचमा सबै जनतालाई समेट्न कस्ता योजना छन् ? सामाजिक सुरक्षाका योजनाहरू केके ल्याइएका छन् ? जनप्रतिनिधिका उम्मेदवारहरूको विगतको पृष्ठभूमि कस्तो थियो ? घोषणपत्रमा राखिएका नीति तथा योजना कसरी पूरा गर्ने भन्ने आधार उल्लेख छ कि छैन ? यी र यस्तै प्रश्नहरूको जिज्ञासा र जवाफको आधारमा मात्र आफ्नो अमूल्य मत प्रदान गर्ने टुंगोमा पुग्नु बुद्धिमानी ठहर्छ । सुशासन र विकासका लागि हाम्रालाई भन्दा पनि राम्रालाई छान्ने बेला आएको छ । भ्रष्टाचारीलाई तिरस्कार र सदाचारीलाई स्वीकार गर्ने गरी अमूल्य मत प्रदान गर्नु नै स्वाभिमानी र सच्चा मतदाताको कर्तव्य हो ।

संविधानको भाग १७ मा स्थानीय सरकारको व्यवस्था गरिएको छ । स्थानीय तहले स्थानीय सरकारको रूपमा काम गर्ने व्यवस्था संविधानले गरेको छ । सिंहदरबारको अधिकार जनताको घरदैलोमा पुऱ्याउने लक्ष्यका साथ स्थानीय तहलाई अधिकारसम्पन्न बनाइएको छ । स्थानीय तहले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासमेत काम गर्ने हैसियत राख्छ । संघीय संरचनाअनुसार नेपाल अधिराज्यभर ७ सय ५३ वटा स्थानीय तह, सात प्रदेश र केन्द्रमा एक संघीय सरकारको व्यवस्था संविधानले गरेको छ । गाउँपालिका अध्यक्षको अध्यक्षतामा गाउँपालिका गठन तथा नगरपालिका प्रमुखको अध्यक्षतामा नगर कार्यपालिका गठन हुने व्यवस्था गरिएको छ ।

आवधिक चुनावका आधारमा स्थानीय तहका पदाधिकारीहरूको कार्यकाल पाँचवर्षे हुने गर्छ । नयाँ संविधान जारी भएपछि पहिलो पटक २०७४ सालमा स्थानीय तहको चुनाव भएको थियो । अब दोस्रो निर्वाचन यही २०७९ साल वैशाख ३० गते देशभर एकैपटक हुँदै छ । अझै पनि ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, सफा खानेपानी, बिजुली, यातायात, सञ्चार र सरकारी सेवासुविधामा पहुँच सहज छैन । बेरोजगार युवाको विदेश पलायनको दर विकराल बन्दै छ । कृषियोग्य जमिन बाँझै छन् । सामान्य योजना र परिश्रमबाट उत्पादन गर्न सकिने कृषि उपज पनि विदेशबाट मगाउने अवस्थामा पुगेका छौं । मूल्य वृद्धि अकासिएको छ । भ्रष्टाचारजन्य क्रियाकलाप दिन-प्रतिदिन बढ्दो छ । जनप्रतिनिधिमा जवाफदेहीहीनताको कारण सामाजिक सुरक्षाका योजनाहरूमा विपन्नले भन्दा सम्पन्नले रजगज गरेका कैयौं उदाहरण पाइन्छन् ।

यी र यस्तै नकारात्मक क्रियाकलापले गर्दा स्थानीय जनप्रतिनिधिप्रति जनताको वितृष्णा बढ्दै गएको देखिन्छ । कतिपय स्थानीय तहका जन प्रतिनिधिले संवैधानिक अधिकारको उपयोग नगरेको र कतिपयले दुरुपयोग गर्दै स्वेच्छाचारी ढंगले हाँकेको पाइन्छ । त्यसकारण यसपालिको चुनावमा त्यस्ता असक्षम र अव्यावहारिक एवं स्वार्थी व्यक्तिलाई बेलैमा चिनेर सबल र भविष्यदर्शी योजना भएका इमानदार र सदाचारी उम्मेदवारलाई जिताउन मतदाताले कुनै कसर बाँकी राख्नु हुन्न ।

संविधानको अनुसूची ८ ले विविध विषयमा एकल निर्णय गर्न सक्ने गरी २२ वटा अधिकार उल्लेख गरिएको छ । त्यस्तै अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारको विविध विषयमा स्थानीय तहको अधिकार स्थापित गर्ने जिम्मेवारी प्रदान गरिएको छ । विकेन्द्रित अधिकारको अभ्यास र प्रभावकारी कार्यान्वयनका लागि सक्षम र भविष्यदर्शी जनप्रतिनिधिको अपरिहार्य हुन्छ ।

जनताको काम छिटोछरितो तरिकाबाट निष्पक्ष रूपमा गर्ने, विकास निर्माणका योजनाको छनोट र कार्यान्वयन जनसहभागितालाई उच्च प्राथमिकता दिने, पारदर्शिता र भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाउने आदि सुशासनका आधारभूत सर्त हुन् । नेपालको संविधान २०७२ लागू भएपछि स्थानीय तहको पहिलो चुनाव २०७४ सालमा भएको थियो । त्यस चुनावबाट निर्वाचित जनप्रतिनिधिको कार्यक्षमता र निष्पक्षतामा धेरै प्रश्न उठेका छन् । अनियमितता, भ्रष्टाचार मौलाउँदो अवस्थामा रहेको महालेखापरीक्षकको प्रतिवेदन र राष्ट्रिय/अन्तर्राष्ट्रिय भ्रष्टाचारविरोधी अभियानका गैरसरकारी संस्थाहरूको अध्ययन प्रतिवेदनले पनि पुष्टि गरेको छ । विद्यमान संघीय संरचनाअनुसार तीन तहको सरकारमध्ये जनताको नजिकबाट सेवा प्रवाह गर्ने भूमिकामा स्थानीय तह महत्वपूर्ण छ । स्थानीय तहमा सुशासन कायम हुन नसकेमा जनताले अनावश्यक दु:ख पाउने मात्र नभएर संघीयताप्रति नै वितृष्णा जाग्ने वास्तविकता हो । स्थानीय तहमा वित्तीय सुशासन कमजोर रहेको विभिन्न तथ्यांकले पुष्टि गरेको छ । राजनीतिक खिचातानी, पदाधिकारीहरूको मनोमानी, कर्मचारीहरूको समयमा पदपूर्तिमा उदासीनता आदि कारणले बेरुजु र भ्रष्टाचार मौलाउँदो अवस्था स्थानीय तहमा देखिन्छ । सदाचारी र जवाफदेही स्थानीय जनप्रतिनिधि छान्न मतदाता विवेक पुऱ्याउने बेला आएको छ ।

ट्रान्सपरेन्सी इन्टरनेसनल सार्वजनिक गरेको पछिल्लो पाँच वर्षको तथ्यांकअनुसार नेपालको अवस्था सन्तोषजनक पाइँदैन । विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इन्साइटजस्ता अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन सर्वेक्षणअनुसार नेपाल सन् २०१७ मा १ सय २२ औं, २०१८ मा १ सय २४ औं, २०१९ मा १ सय १३ औं, २०२० र २०२१ मा १ सय १७ औं स्थानमा रहेको देखिन्छ । भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय पहरेदार संस्था ट्रान्सपरेन्सी इन्टरनेसनलको सूचकांकले नेपाललाई एक भ्रष्टाचारपीडित देशको रूपमा सूचीकृत गरेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको पछिल्लो प्रतिवेदनअनुसार १०० पूर्णांकमा ३३ अंक ल्याएर नेपाल १ सय ८० देशमध्ये १ सय १७ भ्रष्ट देशको रूपमा रहेको छ । महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनअनुसार स्थानीय सरकारको बेरुजुको दलदलमा फस्दै गएको देखिन्छ ।

आव २०७४/७५ मा ७ सय ४७ स्थानीय तहको ५ खर्ब ७१ अर्ब ५१ करोडको अन्तिम लेखा परीक्षण हुँदा बेरुजु अंक २४ अर्ब १४ करोड अर्थात ४.२१ प्रतिशत रहेकोमा आव २०७५/७६ मा ७ सय ४७ नै स्थानीय तहको ७ खर्ब ४० अर्ब ६५ करोड अन्तिम लेखा परीक्षण हुँदा बेरुजु अंक ३८ अर्ब १३ करोड अर्थात् ५.१५ प्रतिशत बेरुजुले पनि वित्तीय सुशासन कमजोर रहेको पुष्टि हुन्छ । -साभार: कारोबार

# सन्दीपले मागे रेनुलाई भोट




काठमाडौं/बिहीबार भरतपुरमा आयोजित पाँच दलीय गठबन्धनको संयुक्त कार्यक्रम शीर्ष नेताहरू गठबन्धनका उम्मेदवारहरूलाई सघाउन चितवनवासीलाई अनुरोध गरिरहेका छन् । त्यही भिडमा देखिए कलाकार सन्दीप क्षेत्री पनि । उनले पनि कार्यक्रममा सहभागिता जनाउदै भरतपुर महानगरपालिका प्रमुखको उम्मेदवार बनेकी रेनु दाहालको पक्षमा भोट मागेका छन् । आफू कुनै पनि पार्टीको साधारण सदस्य समेत नरहेको बताउँदै सन्दीपले भोट मागेका हुन् ।

क्षेत्रीले दाहाललाई जितका लागि शुभकामना समेत दिए । 'मेरो पितृको आशिष लागोस्, तपाईंले गर्न खोजेका सबै कामका निम्ति शुभकामना दिन चाहन्छु,' उनले भने, 'तर यो भन्दै फेरि भन्छु, म कुनै पार्टीको मान्छे होइन ।' आफू अन्य कार्यक्रमको लागि चितवन पुगेता पनि रेनुको लागि कार्यक्रम छ भन्ने थाहा पाएपछि आएको बताए । 'मलाई पनि आउँ-आउँ लाग्यो र कार्यक्रम आए' सन्दीपले भने ।

कार्यक्रममा पुग्नु अगाडि आफ्नो आमालाई फोन गरेर सल्लाह लिएर मात्र आएको समेत उनले प्रस्ट्याए । 'कार्यक्रममा आउनुभन्दा अगाडि आमालाई फोन गरेर सोधेँ । आमाले भन्नुभयो तैँले देशका लागि बोल्ने हो । त्यो केटीले देशका लागि काम गरिरहेकी छ, बोल्दा केही फरक पर्दैन । त्यसपछि म यहाँ आएको हुँ' सन्दीपले भने । सन्दीप इभेन्ट आयोजक गृहेन्द्र घिमिरेसँग नजिक भएकाले पनि उक्त कार्यक्रममा पुगेको चर्चा सामाजिक सञ्जालमा छ । -साभार: खबरहब

# नवौं राष्ट्रिय खेलकुद : एक महिना बाँकी, निर्देशिका न बजेट

काठमाडौं/घरेलु खेलकुदको सबैभन्दा ठूलो प्रतियोगिता राष्ट्रिय खेलकुदको नवौं संस्करण सुरु हुन एक महिना बाँकी छ । चैत ३० गतेको मन्त्रिपरिषद बैठकले जेठ २२ देखि २८ सम्म गण्डकी प्रदेशमा प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको थियो ।

अन्तिम समयमा हतारमा काम गर्ने परम्पराले यसपटक पनि निरन्तरता पाउँदा राष्ट्रिय खेलकुद परिषद (राखेप) लाई अहिले नवौं खेलकुद प्रतियोगिता आयोजनाको चटारो छ । वैशाख ९ गतेको राखेप वोर्ड बैठकले ३६ आधिकारिक र दुई प्रदर्शनी खेल समावेश गर्ने निर्णय गर्नुबाहेक नवौं राष्ट्रिय खेलकुदका सन्दर्भमा उल्लेखनीय प्रगति भएको छैन । राखेप सदस्यसचिव टंकलाल घिसिङले सबै प्रक्रियाहरु अगाडि बढिरहेको तर परिणाम देखिन बाँकी रहेको बताए ।

प्रतियोगिता आयोजना र सञ्चालनसम्बन्धी निर्देशिका अहिलेसम्म जारी भएको छैन । सदस्यसचिव घिसिङक अनुसार राखेपले अघिल्लो साता नै निर्देशिकाको मस्यौदा युवा तथा खेलकुद मन्त्रालयमा पठाएको थियो । 'मैले यो प्रक्रिया छिट्टै टुंगिन्छ भन्ने सोचेको थिएँ । तर मन्त्रालयबाट स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पुगेको जानकारी पाएको छु,' सदस्य सचिव घिसिङले भने । उक्त निर्देशिका अर्थ मन्त्रालयले स्वीकृत गरेपछि मन्त्रिपरिषदमा पुग्नेछ र मन्त्रिपरिषदले स्वीकृत गरेपछि कार्यान्वयनमा जानेछ । प्रतियोगिता सञ्चालनको मिति एक महिना बाँकी हुँदासम्म निर्देशिका जारी हुन नसक्दा प्रशासनिक र बन्दोबस्ती (खेल सामाग्री, पोशाक लगायत) खरीद प्रक्रिया सुरु भएको छैन ।

'लजिस्टिक सामान खरीद प्रक्रिया र बजेटबारे निर्देशिकामै उल्लेख गरेका छौं । यो अवधिमा प्रचलित कानूनअनुसार खरीद प्रक्रिया सुरु गर्दा प्रतियोगिता हुन सक्दैन । तर कानूनमा आकस्मिक परिस्थितिमा कसरी गर्ने भन्नेबारे व्यवस्था भएको हुनाले निर्देशिकामा त्यो प्रस्ताव गरेका छौं,' सदस्यसचिव घिसिङले भने, 'फास्ट ट्र्याकबाट काम भए पनि हामी सबै आर्थिक गतिविधिलाई पारदर्शी गर्नेछौं ।'

मन्त्रिपरिषदबाट यसै साता निर्देशिका जारी हुने आशामा राखेप छ । प्रशासनिक प्रगति र बजेटको टुंगो नलागे पनि राखेप भने प्रतियोगिता समयमै आयोजना हुनेमा ढुक्क देखिन्छ । उसले आधिकारिक रुपमा बिहीबारदेखि प्रतियोगिताको दिनगन्ती सुरु गरेको छ ।

राखेपले वैशाख ४ गते सार्वजनिक सूचना जारी गरी नवौं राष्ट्रिय खेलकुदका लागि लोगो, मस्कट, गीत र नारा पेश गर्न एक साताको समय दिएको थियो । त्यसका लागि पुरस्कारको घोषणासमेत गरेको छ । सबै काम सकिएको र केही दिनमै लोगो र मस्कट सार्वजनिक गरिने सदस्यसचिव घिसिङले जानकारी दिए । नवौं राष्ट्रिय खेलकुदमा ७ प्रदेश र ४ विभागीय (नेपाली सेना, एपीएफ, नेपाल प्रहरी र गैरआवासीय नेपाली संघ (एनआरएनए) को सहभागिता रहनेछ । प्रतियोगिताको खेलाडी छनोटका लागि सम्बन्धित प्रदेश र विभागलाई नै जिम्मा दिइएको छ । 'सबै प्रदेश र विभागले खेलाडी छनोटका लागि सञ्चालन गरेका कार्यक्रमबारे अपडेट लिइरहेका छौं,' घिसिङले भने ।

नवौं राष्ट्रियमा करिब ६ हजार ८०० खेलाडीले प्रतिस्पर्धा गर्ने अनुमान राखेपले गरेको छ । यस्तै एक हजार प्रशिक्षक, पाँच सय व्यवस्थापक, ११४ संघ प्रतिनिधि र एक हजार निर्णायक हुनेछन् ।

नवौं राष्ट्रिय खेलकुदमा एथ्लेटिक्स, ब्याडमिन्टन, टेबल टेनिस, क्रिकेट, फुटबल, टेनिस, हक्की, बक्सिङ, भलिबल, कबड्डी, भारत्तोलन, सुटिङ, जिम्न्यास्टिक, पौडी, ह्याण्डबल, जुडो, कुस्ती, सफ्ट टेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन खेल समावेश छन् ।

त्यस्तै अन्य खेलमा बुद्धिचाल, खो खो, कराते, फुल कन्ट्याक कराते, आईटीएफ तेक्वान्दो, सेपाक्टाक्रो, गल्फ, आर्चरी, साइक्लिङ, फेन्सिङ, ट्रायथलन, प्याराग्लाइडिङ र रग्बी सेभेन ए साइड छन् । गण्डकी प्रदेशको परम्परागत खेल ठेलो र क्यानोइङलाई प्रदर्शनी खेलका रुपमा समावेश गरिएको छ ।

# नेपालमा "डक्टर स्ट्रेन्ज-२" को एडभान्स बुकिङ आक्रामक




काठमाडौं/केही महिनायता नेपाली बक्सअफिमा साउथ फिल्मले एकलौटी रजाई गरिरहेको छ । गत पुषमा 'पुष्पा', गत चैतमा 'आरआरआर' र बैशाख १ गतेबाट प्रदर्शनमा आएको 'केजीएफ २'ले नेपालमा आक्रामक कमाई गऱ्यो । यी तीनवटै साउथ फिल्मको कमाई सिंगल थिएटरभन्दा मल्टीप्लेक्टमा आक्रामक थियो । अब एक हलिउड फिल्मले फेरि नेपाली बक्सअफिस तताउने देखिएको छ ।

आजबाट हलिउड फिल्म 'डक्टर स्ट्रेन्ज-२' प्रदर्शनमा आउँदैछ । बुधवारबाटै यो फिल्मको मल्टीप्लेक्सहरुमा एडभान्स बुकिङ खोलिएको छ ।

नेपालको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्ससहित अन्य मल्टीप्लेक्समा उच्च शो पाएको फिल्मको एडभान्स बुकिङ आक्रामक देखिएको छ ।

बिहीवार बेलुकासम्म काठमाडौंमा फिल्मको टिकट अभाव हुने लगभग निश्चित छ । क्यूएफएक्सले आफ्नो १० वटा मेजर स्टेशनमा फिल्मलाई कूल ६६ शो बाँडेको छ । त्यसमध्ये केही शो सोल्डआउट भइसकेका छन् भने बाँकी निलाम्बे छन् । अन्य मल्टीप्लेक्सहरुमा पनि फिल्मको एडभान्स बुकिङ हेर्दा 'डक्टर स्ट्रेन्ज-२'ले पहिलो दिन एक करोडको आसपास कलेक्सन गर्ने सम्भावना देखिन्छ । यो फिल्मको अघिल्लो पार्टले पनि नेपालमा सानदार कमाई गरेको थियो ।

'डक्टर स्ट्रेन्ज-२'का कारण शुक्रवारबाट प्रदर्शनमा आउन लागेका दुई नेपाली फिल्म 'लक्का जवान' र 'षट्कोण'ले मल्टीप्लेक्समा न्यून शोमा चित्त बुझाएका छन् ।

दुवै फिल्मको एडभान्स बुकिङ पनि सुखद् छैन । त्यसो त नेपाली फिल्मको टिकट बढीजसो 'डोर टु डोर' विक्री हुने गर्छ । तर, यी दुई नेपाली फिल्मलाई बक्सअफिसमा 'डक्टर स्ट्रेन्ज-२' सबैभन्दा ठूलो थ्रेट बन्ने देखिएको छ । -साभार: फिल्मीखबर

# 'बलात्कार हुने वितिक्कै चिच्याउनुपर्छ' भनेपछि रमेश उप्रेती विवादमा



काठमाडौं/नेपाली कलाकारहरु कुन विषयमा के बोल्नुपर्छ र आफूले बोल्ने शब्दको अर्थ के हुन्छ भन्ने कुराको हेक्का नै गर्दैनन् । मुखमा आएको कुरा सेन्सर नगरी बोलिदिन्छन् । यसैले बेला-बखतमा कलाकारहरु आफ्नै बोलीले आलोचित र विवादित बन्ने गरेका छन् । समाजका मार्गदर्शक मानिने कलाकारहरुले गम्भीर विषयमा समेत हलुका अभिव्यक्ति दिँदा कला क्षेत्र नै बदनाम बनेको छ ।

केही समय अगाडि अभिनेता पल शाहको बचाउमा अभिनेत्री पूजा शर्माले बलात्कार के हो भन्ने कुराको ज्ञान बाँडेकी थिइन् । पल शाहले नाबालिगको कपडा च्यातेको भए बलात्कार हुने उनको भनाई थियो । यो अभिव्यक्तिले पूजाको चर्को आलोचना भयो । पछि उनले बोली सच्चाइन् । यतिबेला अभिनेता रमेश उप्रेतीलाई पनि बलात्कारबारे दिएको परिभाषाले विवादमा ल्याएको छ ।

पल शाह निर्दोष रहेको वकालत गर्न एक टेलिभिजनमा अन्तर्वार्ता दिन पुगेका उनले बलात्कारको परिभाषा दिँदै भनेका छन्, 'बलात्कार हुने वितिक्कै कराउनु र चिच्याउनु पऱ्यो या भोलीपल्टै पुलिसमा गएर उजुरी दिनुपर्छ । एक वर्षपछि उजुरी दिएर हुँदैन । अनि, हरेक ठाउँमा बलात्कार हुँदैन । एक ठाउँमा भएपछि भयो । कुरा मिल्दा चमत्कार, नमिल्दा बलात्कार भन्नु राम्रो होइन ।' अन्तर्वार्तामा उनले अदालतको न्यायाधीश बनेर पललाई निर्दोष ठहर गर्न पनि भ्याए । उनले नाबालिगसँगको सम्बन्ध बलात्कार नभएको दाबी गर्दै अगाडि भनेका छन्, 'उनीहरुबीच सम्बन्ध भयो होला तर बारबार बलात्कार हुँदै हुँदैन । यो कुरामा म क्लियर छु । पल शाह पीडक हुँदै होइन । उसले त्यति ठूलो क्राइम गरेकै होइन । तर, कहिले काहिँ राम्रो मान्छेले पनि परीक्षा दिनुपर्छ ।'

बलात्कार हुने वितिक्कै कराउनु वा चिच्याउनु पर्छ भन्दै अदालतले निर्णय नै नगरेको मुद्दामा अभिनेता उप्रेतीले बलात्कारको आरोप लागेर थुनामा रहेका पल शाह निर्दोष रहेको दलिल पेश गरेपछि धेरैले उनको चेतनास्तर र मानसिकतामाथि प्रश्न उठाएका छन् । उनको अभिव्यक्तिलाई पुरातनबादी सोच र पुरुषबादी मानासिकताको असली अनुहारको रुपमा ब्याख्या गरिएको छ । उनको यो अभिव्यक्तिको अभिनेत्रीहरुले पनि विरोध जनाएका छन् । अभिनेत्री स्वस्तिमा खड्काले रमेश उप्रेतीले बलात्कारबारे दिएको अभिव्यक्तिको भिडियो क्लिप इन्स्टाग्राम स्टोरीमा सेयर गर्दै उनको यो बोलीलाई नेपालका अधिकांश मानिसहरुको मानसिकता र रवैयाको संज्ञा दिएकी छन् । अर्की अभिनेत्री बेनिशा हमालले 'के बोलेको' भन्दै रमेश उप्रेतीलाई प्रश्न गरेकी छन् ।

हुन पनि, रमेश उप्रेतीले बलात्कारबारे दिएको अभिव्यक्ति गैर जिम्मेवार र संवेदनहीन देखिन्छ । राष्ट्रको गौरव मानिने कलाकारले अत्यन्त गम्भीर विषयमा यसप्रकारको हलुका अभिव्यक्ति दिनु महिला हिंसालाई प्रोत्साहन गर्नु हो । समाजलाई सही दिशामा डोऱ्याउने कलाकारले नै बलात्कारको घटनालाई 'मन मिले चमत्कार, नमिले बलात्कार'को रुपमा परिभाषित गर्नु विडम्बना हो । -साभार: फिल्मीखबर

# अमेरिकाले दियो नेपाललाई ७९ अर्ब ७१ करोड अनुदान




काठमाडौं/अमेरिकाले नेपाललाई एमसीसीभन्दा पनि ठूलो आर्थिक सहयोग दिने भएको छ । बिहीबार अर्थमन्त्रालयमा आयोजित एक कार्यक्रममा अमेरिकी अन्तर्राष्ट्रिय आर्थिक सहयोग नियोग (यूएसएआईडी) का प्रतिनिधिले नेपाललाई ६५९ मिलियन डलर अर्थात् ७९ अर्ब ७१ करोड रुपैयाँ आर्थिक सहयोग अनुदान स्वरुप उपलब्ध गराउने घोषणा गरेका हुन् ।

अनुदान सहयोगसम्बन्धी सम्झौता पत्रमा युएसएआइडीका निर्देशक सेपिदेह केवंशद र नेपालको तर्फबाट अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका प्रमुख ईश्वरीप्रसाद अर्यालले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार यस आर्थिक सहयोगले नेपालको समग्र आर्थिक सामाजिक स्तरको वृद्धि विकाससँगै प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको जोखिममा रहेका समुदायको प्रतिरोधात्मक क्षमता बढाएर नेपालको दिगो विकासमा सहयोग पुर्याउने लक्ष्य लिएको छ ।

साथै, यस सहयोगले मुलुकको गुणस्तरीय शिक्षा एवं स्वास्थ्य प्रणाली, दिगो ऊर्जा र कृषि विकासमा समेत उपयोगी सुधार ल्याई समग्र नेपालको आर्थिकस्तर नै माथि उठाएर मुलुकलाई विकासशील मुलुकबाट मध्य आयुक्त मुलुकमा स्तरोन्नती गराउने अपेक्षा गरिएको छ । नेपाल-अमेरिका संयुक्त यस परियोजनाको समयावधि पाँच वर्षको हुने सहमतिपत्रमा उल्लेख गरिएको छ । -साभार: रातोपाटी

# निर्वाचनको ४८ घण्टा अगाडि अन्तर्राष्ट्रिय सीमा नाका बन्द गराउने निर्णय



काठमाडौं/निर्वाचन आयोगले वैशाख ३० गते हुने स्थानीय तह सदस्य निर्वाचन, २०७९ को व्यवस्थापकीय कार्यलाई थप स्वच्छ, स्वतन्त्र, निष्पक्ष, सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गराउन मतदानको दिनको ४८ घण्टा अगाडिदेखि मतदानको कार्य सम्पन्न नभएसम्मका लागि सबै अन्तर्राष्ट्रिय सीमाबाट हुने आवतजावत बन्द गर्न नेपाल सरकारलाई लेखी पठाएको छ ।

आयोगको बिहीबारको बैठकले वैशाख २७ गते मंगलबार राति १२ बजेदेखि अन्तर्राष्ट्रिय सीमाबाट हुने आवतजावत बन्द गर्न र मतदान हुने दिन आन्तरिकरूपमा सञ्चालन हुने सबै प्रकारका यातायात बन्द गर्न नेपाल सरकार गृह मन्त्रालयलाई लेखी पठाउने निर्णय गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

**तोकिएको क्षेत्रमा मादक पदार्थ निषेध**

यसैगरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को दफा ७१ (मादक पदार्थ निषेध गर्ने) मा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि वैशाख २७ गते राति १२ बजेदेखि मतदानको कार्य सम्पन्न नभएसम्मका लागि तोकिएको क्षेत्रमा मादक पदार्थको बिक्री वितरण र सेवन सख्त निषेध गर्न गृह मन्त्रालयलाई लेखी पठाउने पनि आयोगले निर्णय गरेको छ ।

-साभार: खबरहब

श्री
निर्वाचन आयोग
प्रदेश निर्वाचन कार्यालय
मकवानपुर

**आसन्न स्थानीय तह निर्वाचनका सम्बन्धमा मतदाता शिक्षा र निर्वाचनमा मतदान गर्ने कुराहरुका लागि सबै मतदाताहरुले कसैको प्रभाव वा मोलाहिजामा नपरि स्वतन्त्र, विश्वासनीय र मत बदर नहुने गरि आफ्नो अमूल्य मतको प्रयोग गर्न सम्बन्धित सरोकारवाला सबैमा अनुरोध गरिन्छ ।**

**लुम्बनाथ पोखरेल**
**प्रदेश निर्वाचन अधिकारी**

# पाँचौं संस्करणको इपिएल कार्तिक हुने



काठमाडौं/पाँचौं संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) आगमी कार्तिक अन्तिममा हुने भएको छ । इपिएल कार्तिक २६ देखि मंसिर १० (नोभेम्बर १२ देखि २६) सम्म आयोजना हुने आयोजना हुने भएको छ ।

टि२० विश्वकप २०२२ आगमी अक्टोर १६ देखि नोभेम्बर १३ सम्म अष्ट्रेलिया हुँदैछ । विश्वकपको फाइनल अघि सुरु हुँदा ठूला स्टार खेलाडी आउन सक्ने अनुमान गरिएको छ ।

चौथो संस्करणको उपाधि चितवन टाइगर्सले फाइनलमा पोखरा राइनोजलाई ४ विकेटले हराउँदै उपाधि जितेको थियो । २०२१ को इपिएलमा पाकिस्तानका पूर्व कप्तान शाहिद अफ्रिदी, श्रीलंकाका धाम्मिका प्रसाद, उपुल थरंगा, दक्षिण अफ्रिकामा रिचर्ड लेभी, अफगानिस्तानका मोहम्मद शाहजाद, रहमान उल्लाहगुरबाज, जिम्बावेका सिकन्दर राजा, रयान बर्ल र बंगलादेदशका तमिम इकबाल जस्ता खेलाडीले खेलेका थिए ।

तेस्रो संस्करणको उपाधि ललितपुर प्याट्रियटर्सले जितेको छ । यता नेपाल क्रिकेट संघ (क्यान) ले भने नेपाल टि२० क्रिकेट लिग आगमी सेप्टेम्बरमा गर्ने तयारी गरि रहेको छ । भारतीय कम्पनी सेभेन थ्रीसँग सम्झौता गरि सकेका छ । क्यानले नेपाल टि२० आयोजना गर्न सेभेन थ्रि कम्पनीलाई ८ वर्षको लागि ३३ करोडमा बेचेको छ ।

साभार: हाम्रो खेलकुद

# चुनावी सुरक्षाका लागि जनशक्ति व्यवस्थापन गर्न प्रहरीलाई सकस

काठमाडौं/ उपत्यकाभित्र हुने जघन्य प्रकृतिको अपराध अनुसन्धान गर्ने निकाय उपत्यका अपराध अनुसन्धान कार्यालयमा अहिले जम्मा २२ प्रहरी कार्यरत छन्, दरबन्दी २४० जनाको हो ।

चुनावी सुरक्षाका लागि उनीहरुलाई अन्यत्र खटाउँदा कार्यालयमा दैनिक काम कारबाहीमै असर पुग्ने गरी थोरै मात्र कर्मचारी बाँकी रहेका हुन् ।

तीमध्ये एक कार्यालय प्रमुख वसन्तबहादुर कुँवर आफैं भए, दुई एसपी छन् । उनीहरुका सुरक्षागार्ड, ड्राइभर र सहयोगीबाहेक बाँकी रहेका अन्य केही अतिआवश्यक काममा खटिने र केही विरामी प्रहरी अधिकारीहरु हुन् ।

महाशाखामा अपराधको प्रकृति अनुसार अनुसन्धानका लागि ८ वटा छुट्टाछुट्टै पिलर छन् । त्यसको नेतृत्व प्रहरी नायव उपरीक्षक (डीएसपी) ले गर्छन् । तीमध्ये पनि अधिकांश चुनावी सुरक्षाका लागि अन्यत्र खटाइँदैछन् । प्रहरी प्रधान कार्यालय, नक्सालका एक अधिकारी भन्छन्, 'चुनावी सुरक्षाका लागि जनशक्ति पर्याप्त भएकाले कार्यालयमा सकेसम्म कम राखेर अरु पठाउन निर्देशन गएको छ ।'

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयमा पनि १ हजार ६०० प्रहरी खटिएका थिए । तर चुनावी परिचालनका लागि १ हजार १०० बढी प्रहरीलाई फिर्ता बोलाइएको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) विष्णुकुमार केसी भन्छन्, 'कतिपय त्यहाँ दरबन्दी नै नभएका पनि छन्, चुनावको सुरक्षा व्यवस्थापन गर्ने क्रममा फिर्ता बोलाइएको हो ।'

उपत्यका प्रहरी कार्यालयका अनुसार उपत्यकाका विभिन्न युनिटबाट मात्रै ३ हजार जनशक्तिलाई चुनावका लागि खटाइँदैछ । अपराध अनुसन्धान कार्यालय र ट्राफिक प्रहरी मात्र होइन, एकैचरणमा चुनाव हुँदा सुरक्षा व्यवस्थापनमा असहज हुने भएपछि केन्द्रीय अनुसन्धान ब्यूरो, प्रहरी प्रधान कार्यालयका विभिन्न विभागसहितका युनिट खाली गराएर प्रहरी अधिकारीहरु चुनावमा खटाइएका छन् । यसले दैनिक शान्ति सुरक्षा कायम गराउने कार्यमा समेत असर पार्ने सम्बद्ध अधिकारीहरुले बताएका छन् ।

नेपाल प्रहरीका अवकाश प्राप्त प्रहरी नायव महानिरीक्षक (डीआईजी) हेमन्त मल्ल ठकुरीको बुझाइमा उपत्यका अपराध अनुसन्धान कार्यालय जस्ता युनिटमा जनशक्ति रित्तो पारिँदा अपराध नियन्त्रणमै असर पर्नसक्छ ।

'यस्तो कुराले दैनिक सुरक्षामै असर पर्छ, अपराध नियन्त्रणका लागि न्यूनतम कति मान्छे चाहिन्छ, त्यति खटाउनै पर्छ' ठकुरीले भने, 'नभए यस्तै समयको मौका छोपेर ठूल्ठूला अपराधहरु हुने हुन् ।'

एकैचरणमा चुनाव भएकाले सुरक्षा व्यवस्थापनमा समस्या भएको प्रहरी अधिकृतहरु बताउँछन् । एक अधिकृतका अनुसार नेपाल प्रहरीको ७७ हजार जनशक्तिमध्ये २० हजार जतिको पदपूर्ति हुनै बाँकी छ । बाँकी नियमित कार्यालय सञ्चालनका लागि चाहिने भए ५० हजार जनशक्ति चुनावी सुरक्षाका लागि खटाउने तयारी छ ।

'विगतमा एकैचरणमा चुनाव हुँदैनथ्यो, त्यसले गर्दा सजिलो हुन्थ्यो' ती अधिकारीले भने, 'यसपालि एकैपटक चुनाव हुँदा पनि जनशक्ति उही छ, यसले व्यवस्थापनमा केही कठिनाइ भएको छ ।'

एकैचरणमा चुनाव हुने भएकाले प्रहरीले एक लाख २० हजार म्यादी प्रहरी भर्ना गर्ने प्रस्ताव राखेको थियो । तर अर्थ मन्त्रालयले २०७४ सालको चुनावमा जस्तै एक लाख म्यादी प्रहरी मात्रै भर्ना गर्न अनुमति दिएको थियो ।

'अहिले बुथमा दुई जना प्रहरी र अरु म्यादी प्रहरी राख्नुपर्ने अवस्था छ' ती अधिकारीले भने, 'नियमित पुलिसिङका लागि जनशक्ति जुटाउन गाह्रो छ ।'

-स्रोत: अनलाईनखबर

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# गठबन्धनका उम्मेदवार घरदैलो व्यस्त

साझाकुरा संवाददाता

हेटौंडा/सत्ता साझेदार गठबन्धनका नगर प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष घर दैलोमा व्यस्त भएका छन् ।

बकैया गाउँपालिका, मकवानपुरगढीसहित जिल्लास्थित अन्य पालिकामा पनि गठबन्धनका उम्मेदवारको घरदैलो तीव्र रुपमा अगाडि बढेको छ ।

मकवानपुरगढीमा गठबन्धनबाट पालिका अध्यक्षका उम्मेदवार दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष उम्मेदवार मानकुमारी नेपाली घरदैलोमा व्यस्त भएका हुन् । बिहीबार वडा नम्बर ५ सिमलटार हुँदै, कालिवन, धादिङ, ज्यामिरे, चुवारपाखामा घरदैलो गर्दै उम्मेदवारहरुले मत मागेका छन् । ७ नम्बर वडाको सकौरामा पनि उम्मेदवारहरुले घरदैलो तथा अगुवा कार्यकर्ता भेट गरेका छन् ।

सुकौराको फुङ्दल र न्यौपानेटार हुँदै गीताधर्म विद्यालय आसपासका क्षेत्रहरुमा मतदाताहरुलाई भेटेर उनीहरुले मतको अपिल गरेका छन् । अध्यक्ष पदका उम्मेदवार लामाले सुकौराको समग्र विकासमा आफ्नो ध्यान रहनुका साथै बस्ती



संरक्षण, सडक सञ्जाल, सुकौरा खोलामा पक्की पुल निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले सुकौराको प्रत्येक घरघरमा खानेपानी, युवा लक्षित कृषि तथा पशुपालनका कार्यक्रम, शिक्षा क्षेत्रको गुणस्तरका विकास गरिने बताए ।


कार्यक्रममा गठबन्धनका प्रचारप्रसार समितिका संयोजक यतिराज सापकोटा प्रतिनिधि सभा क्षेत्र २ का संघीय सचिव बलराम घिमिरे, गाउँपालिका पार्टीका सचिव प्रतिमान रुम्बा, तरुण दल गाउँपालिका अध्यक्ष सानोकान्छा थिङलगायत वडाका उम्मेदवारहरुको उपस्थिति थियो ।

यसैगरी, बकैया गाउँपालिकामा पनि गठबन्धनको घरदैलो अभियान चलिरहेको छ । गठबन्धनबाट अध्यक्ष पदका उम्मेदवार धर्मराज लामिछानेले कान्तिराजपथ सँग जोडिएको ठिंगन क्षेत्रलाई कृषि, पर्यटनको विकासका साथै थप सडक सञ्जाल जोडेर काम गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

# थाहा नगरका मेयर विष्टले दिए राजीनामा

हेटौंडा/गठबन्धनका उम्मेदवारलाई जिताउन चुनावी प्रचारप्रसारमा हिँड्नु पर्ने भएपछि थाहा मेयर लवशेर विष्टले राजीनामा दिएका छन् । विष्टले बहालवाला मेयर भइरहँदा चुनावी प्रचारप्रसारमा हिँड्दा निर्वाचन आचारसंहिता विपरित हुने भन्दै बिहीवार पदबाट राजीनामा दिएका हुन् । गठबन्धनबाट माओवादी केन्द्रका विष्णु विष्ट मेयरका उम्मेदवार छन् । विष्ट यसअघि लवशेरको पालामा राजनीतिक सल्लाहकार थिए । प्रमुख विष्टले उपप्रमुख खड्ग बहादुर गोपालीलाई राजीनामा दिएका हुन् । विष्टले रुपचन्द्र विष्ट रुदानेको सिद्धान्तलाई मानेर आफू निर्वाचनका कार्यक्रममा सहभागी हुन राजीनामा दिएका बताए ।

रुदानेले 'दल छोडी पद, पद छोडी दल' भन्ने गरेका थिए । विष्ट नेतृत्वको ५ वर्षे कार्यकालमा थाहानगरको विकासमा ठुलो फड्को मारेकाले पनि उक्त कुरालाई जनता माझ लैजानु पर्ने देखिएको उनको भनाई छ । बितेका वर्षमा भएका कामलाई जनता सामू लैजान आफू निर्वाचनमा सहभागी हुनुपर्ने भएकोले राजीनामा दिएको बताए । विष्टकै नेतृत्वमा थाहा नगर देशभरबाटै बेरुजी फर्छ्यौटमा उत्कृष्ट भएको थियो । थाहा नगर वित्तीय समानीकरण अनुदान प्रयोजनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश र स्थानीय सरकारको गरेको कार्यसम्पादन मूल्यांकनमा उत्कृष्ट भएको थियो ।





## जैविक मलका फाइदाहरू

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रकृयालाई अबरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकारका प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

*त्यसैले जैविक मल नै प्रयोग गरौं ।*
*स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं*

पाइने स्थान:

**सामुदायिक कृषि सहकारी संस्था लि.**
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल



## कर्मचारी आवश्यकता

यस साझाकुरा राष्ट्रिय दैनिकको लागि बजार प्रतिनिधि आवश्यक परेकाले ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

०५७-५२१११५,

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका
साझाकुरा राष्ट्रिय दैनिक






**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४


## प्रदेश खेलकुद विकास परिषद्
## बागमती प्रदेश

### खेलकुद सामाग्री सप्लाई सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०१/२३

आसन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा बागमती प्रदेशको सहभागिता सम्बन्धमा आवश्यक खेल सामाग्री खरिद लागि खेलकुद सामाग्री खरिद गर्नुपर्ने भएकोले आयकर तथा मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका इच्छुक कम्पनी वा संस्थाहरुबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र फारम दाखिला गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी दरभाउपत्र फाराम मिति २०७९/०२/०६ गते सम्म कार्यालय समय भित्र यस परिषद्को खरिद ईकाइमा रु.१००० राष्ट्रिय बाणिज्य बैंकको खाता नं.१०००२०००१०००० राजस्व शिर्षक नं. १४२२९ मा दाखिला गरेको सक्कल भौचरका साथ फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र/ईजाजतपत्र वा व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर बिबरण र विगतको आर्थिक कारोवार पेश गरि परिषद्को खरिद ईकाइबाट प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र बुझाउँदा शिलवन्दी गरी खाम वाहिर **"खेलकुद सामाग्री सप्लाई सम्बन्धी शिलबन्दी दरभाउपत्र, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेश"** भनी स्पष्ट उल्लेख गरीमिति २०७९/०२/०६ गते दिनको १२ बजे सम्म यस परिषद्को खरिद ईकाइमा दर्ता गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम दिन विदा परेमा सो को लगतै कार्यालय खुलेको दिनको १२ बजे भित्र दर्ता गराउनु पर्नेछ ।

३. शिलबन्दी दरभाउपत्र साथ यस परिषद्को नाममा रहेको प्रदेश लेखा नियन्त्रकको राष्ट्रिय बाणिज्य बैंक हेटौंडा शाखाको धरौटी खाता नं. १३००१००२०२०३०००० मा कार्यालय कोड नं. ३५०००३२०३३ मा विडवण्ड बापतको रकम रु. ७५०००।- (पचहत्तर हजार मात्र) जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस परिषद्को नाममा जारी गरेको बैंक ग्यारेन्टी शिलबन्दी दरभाउपत्र फाराम बुझाउने अन्तिम मितिले कम्तिमा ७५ दिन मान्य अवधिको बैंक जमानत संलग्न हुनु पर्नेछ । साथै शिलबन्दी दरभाउपत्रको मान्य अवधि शिलबन्दी दरभाउपत्र फाराम बुझाउने अन्तिम मितिले कम्तिमा ३५ दिनको हुनेछ ।

४. शिलबन्दी दरभाउपत्र पेश गर्दा फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको ईजाजत पत्र वा व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, २०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर बिवरण, विगतको ३ वर्षको आर्थिक कारोबारलगायत शिलबन्दी दरभाउपत्र सम्बन्धी कार्य गर्न कुनै व्यक्तिलाई अख्तियारी दिएको भए सो अख्तियारीपत्र र अन्य सम्बन्धित प्रमाणपत्रको प्रतिलिपी संलग्न हुनुपर्नेछ ।

५. शिलबन्दी दरभाउपत्र साथ सम्बन्धित दरभाउपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र पेशा सम्बन्धी आफूले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको स्वघोषणा कागजात अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनु पर्नेछ ।

६. पर्न आएका शिलबन्दी दरभाउपत्रहरु मिति २०७९/०२/०६ गते दिनको २:०० बजे परिषद्को खरिद इकाईमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर निजहरु उपस्थित नभए पनि शिलबन्द दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

७. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने र दाखिला गर्ने दिन विदा परेमा सो पछि क्रमश: कार्यालय खुलेको दिनलाई मानिनेछ ।

८. विल अफ क्वान्टिटीमा निर्दिष्ट भए अनुसार प्रति इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सो को जोड जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

९. रित नपुगेको तथा म्याद नाघि प्राप्त भएको वा केरमेट भै अंक/अक्षर नबुझिने तथा शिलबन्दी दरभाउपत्र दाताको हस्ताक्षर नभएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुने छैन । शिलबन्दी दरभाउपत्रसँगै खेलकुद सामाग्रीको १/१ थान नमूना पेश गर्नुपर्नेछ । स्वीकृत नभएका खेल सामाग्री सम्बन्धित दरभाउपत्रदातालाई फिर्ता गरिनेछ ।

१०. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार परिषद्मा सुरक्षित रहनेछ ।

११. शिलबन्दी दरभाउपत्र फारम यस परिषद्को खरिद इकाईबाट प्राप्त गर्न सकिनेछ ।

१२. यस सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । विस्तृत जानकारी लिन चाहेमा यस परिषद्मा सम्पर्क राख्न सकिनेछ ।

...............
सदस्य सचिव

## Vacancy Announcement

**Hetauda Academy**, a leading academic institution in Hetauda, offers a multifaceted Learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competencies to work with young students in its various departments for the following positions:

1. *Vice-Principal*
2. *Coordinators*
   Secondary Level, Basic Level and Pre-primary Level
3. *Secondary & Basic Level Faculty*
   Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, Health, Physical & Creative arts
4. *School Counselor*
5. *Event Manager*
6. *Secretary to CEO*
7. *ECA Instructor*
   Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing.
8. *Officers*
   HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,
9. *Assistants: Computer Lab, Computer Operator, Front Desk*
10. *Discipline Staffs*
11. *Drivers: Bus, Van & Tractor ( ड्राइभर )*
12. *Security Guards ( सुरक्षा गार्ड )*
13. *Hostel Staffs: Cook, Helpers, Gardener ( भान्से, सहयोगी र माली )*

**For further details, please visit our website** *www.hetaudaacademy.edu.np/vacancy*

***Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 11, 12 and 13. Preference will be given to well trained and experienced candidates in related areas.***

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send **CV** at **hr@hetaudaacademy.edu.np** with 2 references and expected salary not later than **7 May 2022.**

Only shortlisted candidates shall be called for the further selection process. Selection is open, fair, and competitive. Unnecessary job recommendations, by telephone or in-person, shall disqualify a candidate.

**HETAUDA ACADEMY**
RESIDENTIAL SECONDARY SCHOOL
Shahid Smarak, Hetauda-11, Makawanpur,Nepal
Tel: 057-525548, 525547, 523547
Web: www.hetaudaacademy.edu.np
E-mail: info@hetaudaacademy.edu.np

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना